# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
२०७३

सम्पर्क नं ९८५७६९३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np
G-Plus Code: FJJV+JH Shikha
गण्डकी प्रदेश नेपाल


प.सं :-०८२/०८३
च.नं :- ६६४

मिति :-२०८२।०८।२५
ने.स. ११४६ थिंलागा सप्तमी विहिवार ।

**नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको शिलबन्दी बोलपत्र आब्हान सम्बन्धी १५ दिने सार्बजनिक सूचना !!!**

**(प्रथम पटक प्रकाशित मितिः-२०८२।०८।२५ गते ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) घ (६) को व्यवस्था बमोजिम ढुंगा, गिटी, बालुवा तथा रोडा विक्री वितरण गर्ने कार्यका लागि यस गाउँकार्यपालिका भित्रका तपसिल बमोजिमका नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ निकाली गण्डकी प्रदेश ऐनको न्यूनतम दररेटबाट नघट्ने तथा अन्नपूर्ण गाउँकार्यपालिकाको कार्यालयले तोकेको दरमा विक्री गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाण पत्र संलग्न गरी तपसिल वमोजिमका सर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि नं | बोलपत्र नं | बोलपत्रको नाम | उत्खन्न तथा संकलन गर्न पाउने अधिक्तम परिमाण (क्यु फीट) | | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ. कर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|---|
| १ | ०७/०८२/०८३ | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | ठाडोखोला,सेकार्कु बगर क्षेत्र | ५९३२८.६५ | ४१५३००.५२ | कवोल अङ्कको ५% | १०००।- |
| २ | ०८/०८२/०८३ | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | कालीगण्डकी, बाबियोघारा बगर क्षेत्र | ३११४७.५४ | २१८०३२.७७ | कवोल अङ्कको ५% | १०००।- |
| ३ | ०९/०८२/०८३ | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | दुवारीखोला,दुवारी खोला बगर क्षेत्र | ४६९८८.२९ | ३२८९१८.०१ | कवोल अङ्कको ५% | १०००।- |
| ४ | १०/०८२/०८३ | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | घट्टेखोला,घट्टेखोला बगर क्षेत्र | ३०५९१.३३ | २१४१३९.३३ | कवोल अङ्कको ५% | १०००।- |
| ५ | ११/०८२/०८३ | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | कालिगण्डकी ,दाना बगर क्षेत्र | १८९११.०१ | १३२३७७.०४ | कवोल अङ्कको ५% | १०००।- |
| ६ | १२/०८२/०८३ | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | कालिगण्डकी, महभीर बगर क्षेत्र | ८८९९.३० | ६२२९५.०८ | कवोल अङ्कको ५% | १०००।- |
| ७ | १३/०८२/०८३ | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | कालिगण्डकी, नौमुरे बगर क्षेत्र | १२४०३६.४२ | ८६८२५४.९५ | कवोल अङ्कको ५% | १०००।- |
| ८ | १४/०८२/०८३ | ढुंगा,गिटि,बालुवा रोडा उत्खन्न संकलन तथा विक्रि वितरण | कालिगण्डकी, धानखेत बगर क्षेत्र | ७७१२७.२४ | ५३९५९०.६८ | कवोल अङ्कको ५% | १०००।- |

शर्तहरु

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र,मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वोलपत्र फारम दस्तुर वापत प्रभु बैंकको आन्तरीक राजश्व खाता नं १५४०११०४१२६०००५६ मा जम्मा गरि सोको सक्कल बैक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र/दरभाउपत्र फाराम खरिद गर्न सकिने छ।१५ औ दिन सार्वजानिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुने छ ।

२. वोलपत्र/दरभाउपत्र भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।आफुले कवोल गरेको अंकको ५% प्रतिशतको दरले हुनआउने धरौटी रकम यस कार्यालयको प्रभु बैंकको धरौटी खाता नं १५४०११०४१२६०००४६ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा सार्वजानिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ को संसोधन वमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ९० (नब्ये) दिनको म्याद सहित जारी गरिएको बिडबण्ड शिलबन्दी वोलपत्र/दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

३. खरिद गरेको बोलपत्र/दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहि छाप गरी शिलबन्दी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं मोवाईल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाइ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्न सकिने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलप्रत्र/दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन् ।

५. रीतपूर्वक पर्न आएका वोलपत्र/दरभाउपत्र पेश गर्ने अन्तिम दिनको १ बजे कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ।साथै निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरु वोलपत्र/दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन।उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुने छ ।

६. Pre Bid बैठक यो सूचना प्रकाशित मितिले ८ औ दिनको २ बजे अन्नपूर्ण गाउँपालिकाको कार्यालयमा हुने छ । ईच्छुक बोलपत्र/दरभाउपत्र दाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुने छ ।उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुने छ।

७. नदिजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकि निर्धारित स्थानवाट मात्र उत्खन्न तथा विक्रिवितरण गर्नु पर्ने छ ।

८. ठेक्का सम्बन्धि विस्तृत जानकारी वोलपत्र/दरभाउपत्र फाराममा उल्लेखित गरिएको हुंदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

९. म्याद नाघी,रीत नपुगी वा शर्तसहित पेश हुन आएका वोलपत्रहरु/दरभाउपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन ।वोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. वोलपत्र/दरभाउपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टांस भएको मितिले ७ दिनभित्र मु.अ.कर ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ श्रावण मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) पेश गरि ठेक्कापट्टा उठाउनु पर्नेछ।साथै ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको १.५ प्रतिशत सेवा शुल्क वापत हुन आउने जम्मा रकम र थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्ने छ।नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कुनै कर बुझाउनुपर्ने भएमा निर्माण व्यवसायिले छुट्टै बुझाउनु पर्ने छ ।

११. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटिरकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिने छ ।

१२. यस जिल्लाका नदि तथा नदिहरुको उत्खन्न क्षेत्र र उत्खन्न परिमाण सन्दर्भमा नदिजन्य निर्माण सामाग्रिहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं नेपाल सरकारबाट भएका निर्देशनहरु म्याग्दी जिल्लाको ढुङ्गा, गिटी, वालुवा उत्खन्न संकलन तथा घाटगद्दी सम्वन्धि अन्नपूर्ण गाउँपालिकाको कार्यालय म्याग्दीबाट गरिएको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहने छन् ।

१३. यसमा उल्लेखित भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारका अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१४. यस सम्बन्धमा प्रदेश सरकार बाट माथि उल्लेख गरिए भन्दा फरक निर्देशन प्राप्त भएमा सोहि बमोजिम हुने छ ।

(नोट-: विस्तृत जानकारीको लागि यस कार्यालयको **website : www.annapurnamunmyagdi.gov.np** मा समेत हेर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिकाको कार्यालय